# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
यासोक, पाँचथर

प.सं.२०८१।०८२
च.नं.-

कोशी प्रदेश, नेपाल


मिति:२०८१।१०।१८
ने.स.-११४५

## पशुहरुमा लम्पी स्किन रोग विरुद्द र रास्ट्रिय पशुपन्छी खोप कार्यक्रम अन्तर्गतको खोप कार्यक्रम सञ्चालन हुने सम्बन्धी सूचना !!!

कुम्मायक गाउँपालिका पशुपन्छी सेवा शाखा मार्फत आ.व. २०८१।०८२ मा पशु चौपायहरुमा लम्पी स्किन रोग विरुद्दको खोप कार्यक्रम ५०% लागत साझेदारीमा मिति २०८१।१०।२८ गतेबाट तपशिल बमोजिमको कार्यतालिका अनुसार सञ्चालन हुने भएकोले सम्बन्धित सबै पशुपालक कृषकहरुमा सूचित गरिन्छ। साथै लम्पी स्किन रोग विरुद्दको खोप कार्यक्रम सम्बन्धित पशुपालक कृषकहरुको ५०% साझेदारी र गाउँपालिकाको ५०% अनुदानमा सञ्चालन हुने व्यहोरा समेत अवगत गराइन्छ। खोप पुगेको खण्डमा लम्पी स्किन रोग विरुद्दको खोप पहिलो चरणमा लगाइएको क्षेत्र बाहेक सबै वडाहरुका अन्य क्षेत्रहरुमा पनि क्रमिक रुपमा लगाइनेछ।

राष्ट्रिय पशुपन्छी खोप कार्यक्रम अन्तर्गत खोरेत, पि.पि.आर. र क्लासिकल स्वाइन फिवर रोगहरु विरुद्दको खोप पनि पहिलो चरणको खोप कार्यक्रम सकिएपछि निःशुल्क क्रमिक रुपमा सबै वडाका सबै क्षेत्रहरुमा सञ्चालन गरिनेछ।

**खोप कार्यक्रम**

| वडा नं. | पहिलो चरणमा (लम्पी स्किन रोग विरुद्दको खोप मात्र)<br>२०८१।१०।२८ गतेबाट सुरु | सम्बन्धित वडाको भ्याक्सिनेटर |
|---|---|---|
| १ | खाल्डे, फिक्कल, यासोक बजार, पुँवा र वनपाला आसपास क्षेत्र। | सुमन ढकाल- ९८१५९२३३३५<br>कोबिद सुब्बा- ९८२४०६३४५५<br>कपिल देव मल्ल- ९७६२९९६८३५ |
| २ | चुम्लिङ, सिम्लेडाँडा, धुपिङ, चौथि बजार, र फाक्चुवा आसपास क्षेत्र। | कोबिद सुब्बा- ९८२४०६३४५५<br>दिपक नेम्बाङ- ९७०४३११३१५ |
| ३ | कात्तिके, हात्तिपोखरी, हाङ्ठुवा र सेपेनी आसपास क्षेत्र। | कपिल देव मल्ल- ९७६२९९६८३५<br>मनोज कु. ठाकुर- ९८४४१११५३५ |
| ४ | सिवा दोभान, तिल्के, जरायोटार र ठाडे आसपास क्षेत्र। | सुमन ढकाल- ९८१५९२३३३५<br>कपिल देव मल्ल- ९७६२९९६८३५ |
| ५ | भुल्के, ढाडे, पिपलबोटे, बिजुवापानी, आहाले र लोरिपा आसपास क्षेत्र। | जीवन खड्का- ९८४२२५५१२३<br>कमल प्र. पौडेल- ९८२१२९२५२९ |

मिति २०८१।०९।०२ गते प्रकाशित सूचना मुताविक नाम टिपाएका कृषकहरुलाई प्राथमिकता दिइ लम्पी स्किन रोग विरुद्दको खोप कार्यक्रम सञ्चालन गरिनेछ। साथै लम्पी स्किन रोग विरुद्दको खोप कार्यक्रममा कृषकहरुले ५०% लागत साझेदारी गर्नुपर्नेछ।

**नोट:** खोप कार्यक्रम सञ्चालन भएपछि हरेक वडाहरुका सम्बन्धित टोल संयोजकहरुसँग समन्वय र वडामा खटाइएका भ्याक्सिनेटरहरुसँग सम्पर्क गरि आ-आफ्ना पशु चौपायहरुमा खोप लगाउनुहुन सम्पुर्ण कृषकहरुलाई अनुरोध गरिन्छ। थप जानकारीका लागि कुम्मायक गाउँपालिका पशुपन्छी सेवा शाखा: ९८४५८१२५६४ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

गणेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत